# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक २७, २०७८ माघ ४ मंगलवार (Jhuleni Post Weekly) 18 Jan. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## सडक लगत कट्टाका लागि लिखित पत्राचार

# भालुबाङ-प्यूठान सडक भएन फराकीलो



२०५८ माघ ८ गते जन्ती बस दुर्घटना भएको स्थल गर्जेनी। दुर्घटना भएको २० वर्ष बितेपनि सडकको अवस्था अझै उस्तै साँघुरै छ।

**झुलेनी पोष्ट**

**प्यूठान**

रोल्पा प्यूठान प्रवेश गर्ने मुख्य सडक भालुबाङ प्यूठान सडकमा सवारी चाप बढेसगै स्तरोन्नति र विस्तार गर्ने भन्दै अध्ययन गरिएपनि सडकमा अझै काम सुरु हुन सकेको छैन । रोल्पाको दारबोट र प्यूठान सदरमुकाम खलंगा सम्मको सडकलाई दुई लेन बनाउने योजना अघि सारिएको वर्षौ भएपनि कार्यान्वयन हुन सकेको छैन । यो सडकको अहिलेसम्म लगतकट्टा समेत हुन सकेको छैन । बारम्बार दुर्घटना हुने क्षेत्रमा पर्ने घुम्टी समेत फराकिलो बनाउने काम भएको छैन । दाङको भालुबाङ देखि प्यूठानको चकचकेसम्म ४५ किलोमिटर सडक क्षेत्र धेरै साँघुरो र अप्ठ्यारो छ । यही क्षेत्रमै बारम्बार दुर्घटना हुने गरेको छ। यही क्षेत्र अन्तर्गत पर्ने तिरामको गर्जेनीमा २०५८ माघ ८ गते प्यूठान टारी आउने जन्ती बस दुर्घटना भएको थियो।

त्यस पछि दर्जनौ पटक दुर्घटना भएका छन्। सयौ जनाले ज्यान गुमाएका छन् । गर्जेनी दुर्घटनाले सिंगो मुलुकको ध्यानाकर्षण गराएको थियो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले शोक वक्तव्य निकालेका थिए। जिल्ला विकास समिति, प्यूठानले सात सदस्यीय स्वतन्त्र नागरिक छानबिन समिति गठन गरेको थियो। 'हामीले धेरै दुःख गरेर दुर्घटनाको कारण सहित प्रतिवेदन तयार पारेका थियौं,' छानविन समितका संयोजक रामेश्वर सुवेदीले भने, 'तर कतैबाट पनि सुझाव कार्यान्वयन भएन।' गर्जेनी दुर्घटना भएको २० वर्ष बित्दा पनि सडकको अवस्था उस्तै रहेको सुबेदीको भनाइ छ । साँघुरो सडकका कारण दुर्घटना भएको उ बेला बनाइएको प्रतिवेदनको निष्कर्ष रहेको

बाँकी ३ पेजमा....

## हाम्रो नजर

# होला त कार्यान्वयन !

## मालपोतले सडक डिभिजनलाई लेखेको पत्र

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**भूमि व्यवस्थापन तथा अभिलेख बिभाग**

**मालपोत कार्यालय**

प्यूठान

प.सं. : ०७८/०७९ मिति : २०७८/०९/१८

च.नं. : ११३२

श्री सडक डिभिजन कार्यालय जस्पुर, प्यूठान

**विषय : खुलाई पठाइदिने सम्बन्धमा**

*भूमी व्यवस्था तथा अभिलेख विभागको च.नं. १२२८ मिति २०७८ पुस १६ गतेको प्राप्त पत्रमा सडक र सोको राइट अफ वे लगायत नेपाल सरकारले अधिग्रहण गरेको वा खरीद गरेको स्थानीय तहले फिल्डमा बाटो कायम गरीसकेको तर तहाँको श्रेष्तामा लगत कट्टा हुन बाँकी रहेको जग्गाहरु सडक निर्माण गर्ने निकाय (सडक विभाग, आयोजना तथा स्थानीय तह) को पहिचान गरी तत् तत् निकायको समन्वय र सिफारिसको आधारमा मालपोत नियमावली २०३६ को नियम ५ (ग) को समितिबाट निर्णय गराई बाटो लगतकट्टा गरी नेपाल सरकारको नाममा श्रेष्ता कायम गरी LRIMS मा प्रविष्ट गरेको प्रमाणित कपी २०७८ चैत्र मसान्त भित्र यस बिभागमा पठाउन आदेशानुसार तहाँ तत् तत् निकायको कार्यक्षेत्र भित्र पर्ने लगतकट्टा भएको र गर्नुपर्ने जग्गाको विवरण यस कार्यालयलाई अभिलम्व उपलब्ध गराइदिनुहुन अनुरोध छ । साथै भूमि व्यवस्थापन तथा अभिलेख बिभागको दर्ता नं. १२२८ मिति २०७८ पुस १६ गते पत्रको छायाँ प्रति यसै पत्रसाथ सम्लग्न राखी पठाइएको ब्योहोरा अनुरोध छ ।*

भोज बहादुर भण्डारी

मालपोत अधिकृत

## स्वास्थ्य कार्यालय प्यूठानको

## कोभिड १९ बिरुद्धको खोप लगाउने सम्बन्धि सुचना

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/०८/२८ को निर्णय तथा जिल्ला कोभिड १९ खोप समन्वय तथा अनुगमन समिति प्यूठानको मिति २०७८/१०/०३ को बैठकको निर्णय अनुसार तपशिल बमोजिम बुस्तर डोज (थप मात्रा) र दोस्रो मात्रा खोप लगाउने निर्णय भएकोले तोकिएको लक्षित समुहका व्यक्तिहरु तपशिल बमोजिमका पायक पर्ने खोप केन्द्रमा गई कोभिड १९ बिरुद्धको बुस्तर तथा दोस्रो मात्रा खोप लगाउनुहुन अनुरोध छ।

| खोपको नाम | बुस्टर डोज खोप मिति | दोस्रो मात्रा खोप सं.मिति | खोप संचालन हुने स्थान (न.पा./गा.पा.) | लक्षित समुह |
|---|---|---|---|---|
| काभिडशिल्ड र भेरोशिल | २०७८।१०।६ गते देखि | | प्यूठान नगरपालिका सापडाडा स्वास्थ्य चौंकी<br>स्वर्गद्वारी नगरपालिका प्राथमिक स्वास्थ्य सेवा केन्द्र भिंगृ<br>गौमुखी गाउँपालिका पुजा स्वास्थ्य चौकी<br>झिमरुक गाउँपालिका ओखरकोट स्वास्थ्य चौकी<br>नौबहिनी गा.पा. सामुदायीक स्वास्थ्य ईकाइ, बाहाने<br>मल्लरानी गा.पा. प्राथमिक स्वास्थ्य सेवा केन्द्र खलंगा<br>माण्डवी गाउँपालिका देविस्थान स्वास्थ्य चौकी<br>ऐरावती गाउँपालिका बरौला स्वास्थ्य चौकी<br>सरुमारानी गा.पा. आधारभुत स्वास्थ्य सेवा केन्द्र बड्डाडा | पहिलो, दोस्रो मात्रा खोप पुरा गरेका र दोस्रो मात्रा खोप लगाएको ६ महिना पुरा भएका अग्रपङ्क्तीमा काममा खटिने र सार्वजनिक सेवामा कार्यरत व्यक्तिहरु (खोप लगाउन जाँदा यस अघि खोप लगाएको खोप कार्ड र परिचय पत्र अनिवार्य लैजानुहोला) |
| एस्ट्राजेनिका/कोभिडशिल्ड | | २०७८।१०।९ गते देखि | पहिलो मात्रा खोप संचालन गरिएका स्वास्थ्य संस्था एवं खोप केन्द्रहरु | पहिलो मात्रा एस्टाजेनिका/कोभिडशिल्ड खोप लगाएका १८ वर्ष माथिका पहिलो मात्रा खोप लगाएको ८ हप्ता पुरा भएका नागरिकहरु |
| नोट : हालसम्म कोभिड १९ बिरुद्धको कुनैपनि मात्रा खोप नलगाएका १८ वर्ष माथिका नागरिकहरुका लागि सबै स्थानीय तहमा नियमित रुपमा ज्यान्सन एण्ड ज्यान्सन खोप संचालन भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ । | | | | |

## जीवनको रङ्ग

# पढाई खर्च जुटाउन नर्सरी खेती

**तेजेन्द्र बि.एम.**

**झुलेनी पोष्ट**

दिनभर स्कूल भेटिने रोशन रिजाल बिहान साँझ नर्सरी खेतीमा देखिन्छन्। उनका साथीहरुले घरमा गृहकार्य गरीरहने बेला यिनले नर्सरी बारीमा काम गरीरहेका हुन्छन् । बिहान साझ तरकारीका बेर्ना बेच्ने र दिउँसो स्कुल जाने १६ वर्षिय रिजालको दैनिकी हो । स्कूलको गृहकार्य यिनले रातीमा गर्दछन् । बिहान झिसमिसेमै उनको हिजोकै दैनिकी सुरु हुन्छ। तरकारीका बेर्ना गोडमेल, झार उखेल्ने, पानी चाहार गर्ने दिनहुँ उस्तै हुन्छ।

तरकारीका बेर्ना सँगै यिनले बाख्रा पनि पालेका छन् । तरकारीको काम सकेपछि बाख्राका लागि घाँसपात र स्याहार सुसारमा व्यस्त हुन्छन् उनी । पढाई खर्चका लागि घरका बुवा आमाको भर पर्नु परेको छैन यिनलाई । पढाईमा पनि जेहेन्दार छन् उनी।



आफ्ना बुवा नारायण सँग छोरा रोशन रिजाल : तस्बिर : झुलेनी पोष्ट

नौबहिनी गाउँपालिका-६, लुङ्ग बाहानेमा कृषि कर्मसँगै पढाई गरीरहेका जाँगरिला बालकको दैनिकी झट्ट हेर्दा कथाजस्तै लाग्छ। घरको करेसावारीमा थोरै लगानीमै उनले तरकारीका बेर्ना उमार्ने गर्दछन् । 'मेरो लगानी बिउपल किन्नका लागि मात्र हो', उनले भने, 'स्याहार सुसार त आफ्नै मेहनेत हो ।' घरमा बुवाले गरेको खेती देखेर लुकिछिपि बिरुवा उत्पादन गर्दै बेच्दै आएको झुलेनी पोष्टसँगको कुराकानीमा बताए । आफू जान्ने उमेर भएदेखि यो पेशामा लागेको उनको भनाई छ। कोभिड-१९, का बेला लकडाउन हुँदा पढाई बन्द भएकाले ब्यवसायिक रुपमै तरकारी खेतीका लागि बिरुवा उत्पादन गर्दै आएको

बाँकी ७ पेजमा.....

झुलेनी पोष्ट
सम्पादकीय ....

## चिसोमा स्वास्थ्यको ख्याल गरौं

*ओमिक्रोनको नयाँ भेरियन्टको प्रवेशसँगै देशभर कोरोना संक्रमित बिरामीको संख्या दिनैपिच्छे बढ्दै गइरहेको छ । चिसोमा रुघाखोकी र ज्वोरोको बिरामी बिगतका वर्षहरुमा पनि बढ्थ्यो नै । यसैमा कोरोना भाइरसको संक्रमणको महामारी रुपले आम मानिसलाई त्रसित बनाएको छ। अहिले बिरामीहरु दोब्बर र तेब्बर रुपमा बढेका छन् । सार्वजनिक रूपमा पालना गर्नुपर्ने स्वास्थ्य प्रोटोकल पूर्ण रूपमा पालना हुनुपर्ने आवश्यकता बढेर गएपनि कार्यान्वियन भएको छैन। सरकारले क्षेत्रगत रूपमा स्मार्ट लकडाउन गर्नेगरी गृहकार्य अघि बढाइरहेको छ । यद्यपि, अहिले पनि आमनागरिक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने विषयमा त्यति धेरै सर्तक र संवेदनशील बन्न सकिरहेका छैनन् । राजनीतिक दलहरुले गर्ने कार्यक्रम रोक्ने भनेपनि पूर्ण रुपमा कार्यान्वयन भएको छैन ।*

*पछिल्लो समयमा राजनीतिक दलका कार्यक्रमका कारण ठूलाठूला नेताहरू नै संक्रमित हुने क्रम बढेको छ। सरकारले कोरोनासँग जुध्नेगरी कार्यक्रम र योजना बनाउन नसक्दा पनि कोरानाले अहिले जटिल समस्या सिर्जना गरिरहेको छ । सरकारले स्वास्थ्यसम्बन्धी मापदण्ड कडाइका साथ लागू गर्न सकेको छैन । जनस्तरमा पनि लापर्बाही गर्ने क्रम बढिरहेको छ । कोरोना संक्रमण दर फेरि उच्च हुने क्रम बढिरहेको छ। अहिले देखिन थालेको ओमिक्रोनको संक्रमण दर अन्य भेरियन्टभन्दा अत्यधिक रहेको बताइन्छ। कोरोना महामारीले चिसो मौसममा निकै गति लिएको छ।*

*स्थानीय क्षेत्रहरूमा मेला र जात्रा यसैबेलामा चलिरहेका छन् । हिउँदको समयमा चौरासी पुजा, लक्ष्वर्ती, विवाह जस्ता कार्यक्रमहरु रोकिएका छैनन् । कोरोना जोखिम नियन्त्रणका लागि सरकारी तहको हवाला दिँदै सार्वजनिक स्थानमा २५ जना बढी भेलामा रोक लगाइएको सूचना र निर्णय सार्वजनिक गरिए पनि यस्ता पर्व बेसरोकार चलिरहेका छन् । मात्र माघ १५ सम्मका लागि देशैभर विद्यालय बन्द भइसकेका छन् । जाडोको यो मौषममा फैलिरहेको नयाँ भेरियन्टबाट बँच्न स्वास्थ्यमा सबैले ख्याल गरौं । स्वास्थ्य प्रोटोकल सबैले समान रूपमा पालना गरौं ।*

# विदेशी शक्तिको चपेटामा नेपाल



प्रेम कुमार खनाल

यतिबेला हाम्रो देशको राष्ट्रियतामा गम्भीर खालको चुनौती खडा भएको छ । साम्राज्यवादी अमेरिकाले नेपालमा विकास परियोजनामा सहयोग गर्ने परियोजना अगाडि सारेर एमसीसी सम्झौता जे जसरी पनि लागू गर्न चाहिँ रहेको छ। यसबाट उसको नीति नेपालको सार्वभौमिकता र राष्ट्रिय सुरक्षामा आँच पुऱ्याउने ढंगबाट गतिविधि सञ्चालन गर्न लागि रहेको प्रस्ट छ। यस्तै, विस्तारवादी भारतको हेपाहा, हैकम र अतिक्रमणकारी नीतिका कारण नेपाली भूमि अतिक्रमण गरेर विस्तारवादी भारतले नेपाली भूमि लिपुलेक क्षेत्रमा नेपाल सरकारसँग कुनै परामर्श र सहमतिबेगर चीनको मानसरोवर जाने मोटरबाटो निर्माण गरिरहेको छ । यी दुईवटा घटनाबाट नेपालको राष्ट्रियता, सार्वभौमिकता, स्वतन्त्रता र अखण्डतामा गम्भीर चुनौती खडा भएको छ। यी घटनाले नेपाल साम्राज्यवाद र विस्तारवादको चपेटा र चेपुवामा पर्ने जुन स्थिति छ, नेपालको सार्वभौमिकता, स्वतन्त्रता र अखण्डताको रक्षा र संवर्द्धन गर्न देशभक्त नेपाली एकजुट हुनुपर्ने बेला आएको छ।

साम्राज्यवाद पुँजीवादको उत्कर्ष रूप हो । विश्वमा प्राकृतिक स्रोतसाधनमा सम्पन्न देशहरूमा युद्ध र द्वन्द्व चर्काएर ती देशको स्रोतसाधनलाई आफ्नो कब्जामा लिने र ती देशलाई अफ्नो हैकम जमाउने साम्राज्यवादले गर्ने गर्छ । अहिले विश्वमा अमेरिकाले आफ्नो साम्राज्यवादी नीतिअनुरूप नै दादागिरी गर्दै आएको छ। लोकतन्त्र र शान्तिको नारा दिएर विश्वमा युद्ध र द्वन्द्व चर्काएर अशान्ति मच्चाउन अगुवाइ गर्ने काम अमेरिकाले गर्दै आएको छ । यतिबेला समाजवादी चीन विश्वमा आर्थिक-सामाजिक हिसाबले उदीयमान देशका रूपमा विकसित भइरहेको छ । चीनको यो अग्रगति अमेरिकाका लागि असहैय भएको छ । यहीँ भएर चीनका छिमेकी देशहरू हुँदै हिन्द महासागरीय क्षेत्रका देशहरूलाई आफ्नो पक्षमा खडा गरेर अमेरिकाले चीनविरुद्ध मोर्चा बन्दी गरिरहेको छ । तिब्बतलाई टुक्राउन र साउथ चाइना महासागर जहाँबाट चीनले अन्तर्राष्ट्रिय व्यापारको पारवहन गर्दै आएको छ, यसलाई रोक्न हिन्द महासागर क्षेत्रका मुलुकसँग सैनिक गठबन्धन बनाउन इन्डोप्यासिफिक रणनीतिअन्तर्गत ती देशहरूलाई सैनिक गठबन्धनमा सामेल गरेको छ।

नेपाल पनि इन्डोप्यासिफिक रणनीतिको सदस्य देश रहेको भनेर भन्दै आएको छ । सँगसँगै इन्डोप्यासिफिक रणनीतिलाई सफल बनाउन विकासको नामबाट सदस्य देशहरूलाई मिलिनियम च्यालेन्ज कपीरेसनमार्फत विकास परियोजना सञ्चालन गर्ने भनेर नेपालसँग एमसीसी कम्पनीले सम्झौता गरेको छ। सँगसँगै यो सम्झौतालाई संसद्बाट अनुमोदन गराउनुपर्ने सर्त सम्झौता राखेर एमसीसी परियोजना लागू गर्ने नाममा नेपालको संसद्, संविधान, ऐन कानुनभन्दा माथि अमेरिकन कानुन लागू हुनेगरी सम्झौता लागू गर्न नेपाललाई अमेरिकाले दबाब दिँदै आएको छ । अमेरिकाको दबाबसामु यतिबेला नेपालका कतिपय राजनीतिक दलका नेताहरू, कर्मचारी तन्त्रका अधिकारी र आफूलाई बुद्धिजीवी विज्ञ भन्नेहरू जो आईएनजीओमा संलग्न भएर डलरको स्वाद पाएकाहरूले एमसीसी जसरी पनि पारित हुनुपर्छ भनी रहेका छन् । तर, उनीहरूले साम्राज्यवादी अमेरिकाको चालबाजीलाई भने थाहा नपाएजस्तो गरेर आँखा चिम्लिरहेका छन्। यो उनीहरूको नेपाल राष्ट्रप्रतिको ठूलो गद्दारी र साम्राज्यवादप्रति लम्पासार बनेर राष्ट्रिय आत्मसमर्पण गर्ने नीति हो । होइन भने किन सारा देश दुनियाँले एमसीसी सम्झौता राष्ट्रिय हितको कोणबाट, राष्ट्रिय सुरक्षा र दीर्घकालमा सार्वभौमिकता र अखण्डतामा आँच पुग्ने सम्झौता होभन्दा भन्दै किन उनीहरूले एमसीसीको पक्षपोषण गरिरहेका छन् ? गम्भीर प्रश्न खडा भएको छ । साम्राज्यवाद यतिबेला गोली, बन्दुक लिएर होइन, नेपालजस्तो देशमा आर्थिक विकासमा सहयोग पुऱ्याउने भनेर सुँढ पसारेर छिर्न खोज्दै छ।

एमसीसी परियोजना सञ्चालनका नाममा त्यहाँ संलग्न अधिकारी र जनशक्ति अनन्त कालसम्म नेपाल बस्न पाउने, विद्युत प्रसारण लाइनका लागि करिब ४ सय किलोमिटर कोरिडोर एरियाको जग्गालाई नेपाल सरकारले पछि उपयोग गर्न नपाउने, नेपाल विद्युत प्राधिकरण र सडक विभाग हुँदाहुँदै विद्युत प्रसारण र मूल्य निर्धारणमा छुट्टै एमसीसी सम्बद्ध समानान्तर कम्पनी, आयोग बनाउने, बौद्धिक सम्पत्तिमा एमसीसीको हक कायम हुने, एमसीसी परियोजना सञ्चालनका नाममा समुदायमा छिरेर नेपाली जनमत भड्काउने, त्यहाँ परियोजनामा कार्यरत अमेरिकन सुरक्षाकर्मी र जनशक्तिले कुनै फौज्दारी गतिविधिमा संलग्न भए नेपालको कानुन नलाग्ने, एमसीसी सम्झौता भएपछि नेपालले खुला बजार अर्थनीति कायम गर्नुपर्ने, अमेरिकाले बनाएको चीनविरोधी तिब्बत, ताइवान, हङकङ आदि कानुन मान्नुपर्ने आदि जेजस्ता सर्तहरू छन् । के यी विषयले नेपाल राष्ट्रको हित गर्छ । नेपालको सुरक्षा सुदृढ हुन्छ ? के यस्तो सर्त सम्झौताले नेपालको सार्वभौमिकताको रक्षा हुन्छ ? हुँदैन । यसले त साम्राज्यवादी अमेरिकाको जुन दाउपेच छ, त्यसलाई नै मद्दत पुऱ्याउने काम गर्छ। तसर्थ, राष्ट्रिय हित र सुरक्षामा आँच पुग्ने यस्तो सहयोग र सम्झौता नेपाललाई स्वीकार्य छैन भनेर स्पष्ट रूपमा सरकारबाट अमेरिकी सरकारलाई भनिदिनुपर्छ ।

नेपाल यसरी साम्राज्यवादीहरूको चपेटामा पर्दै गएको छ भने अकीतिर छिमेकी देश भारतले आफ्नो विस्तारवादी नीति लादेर नेपालमाथि थिचोमिचो गर्दै आएको छ। सन १९५० को असमान नेपाल भारतबीचको सन्धिपछि देखिन नेपाललाई भारतले राम्रो व्यवहार गरेको छैन । २००९ मा नेपालमा भारतीय सैनिक प्रवेश गरेर उत्तरी नाकामा १४ वटा चेक पोस्ट बनाएर नेपाली भूमिमा १७ बसेको तथ्य छँदै छ भने कालापानी क्षेत्रमा त २०२६ देखिन निरन्तर सैनिक चेकपोस्ट राखेर बस्दै आएको छ । सुगौली सन्धिपछि पश्चिम नेपालको सीमा महाकाली नदी पश्चिम सबै नेपालको कायम भएको तथ्य छँदै छ। तर, भारतले सो क्षेत्रको लिम्पियाधुरा, लिपुलेक र कालापानी गरी झन्डै ३ सय ३५ वर्ग किलोमिटर भूभाग कब्जा गरेको छ । यति मात्रै होइन गत दुई वर्ष अगाडि नै भारतले आफ्नो राजनीतिक-प्रशासनिक नक्सा प्रकाशित गर्दा सो भूभागहरू भारतमा रहेको नक्सासमेत प्रकाशित गरेको थियो । भारतको यस्तो हस्तक्षेपकारी र विस्तारवादी नीतिका साथ नेपालको भूमि हडप्ने नीतिको नागरिक समाज हुँदै सबै राजनीतिक दलहरूले विरोध र भत्सर्ना गरे । अनि, मात्रै केपी ओलीको सरकारले नागरिक समाज, संसद् र राजनीतिक दलको मागबमोजिम नेपाली भूभाग भएको चुच्चे नक्सा समावेश गर्न सहमत भयो र संविधान संशोधन भयो । तर, सो नक्सामा अझै पनि नेपालको समग्र क्षेत्रफल समावेश भएको छैन ।

नक्सा प्रकाशनसँगै नेपाली भूभागमा भारतले बाटो निर्माण गरिरहेको बन्द गर्न, अतिक्रमित भूमिमा भारतीय चलखेल अन्त्य गर्न र नेपाली भूमिबाट भारतीय सैनिक फौज फिर्ता लैजान केपी ओली सरकारद्वारा कूटनीतिक वार्ता भएन । अहिले फेरि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको उत्तराखण्डको एक कार्यक्रममा लिपुलेकमा मानसरोवर जाने मोटरबाटो निर्माण भइरहेको र यसै वर्ष निर्माण सम्पन्न भइसक्ने भनेर खुलमखुला अभिव्यक्ति दिएपछि फेरि सीमा अतिक्रमणको विषयमा चर्चा हुन थालेको छ । सीमा अतिक्रमणको विषय कहिले बढी चर्चा हुने कहिले सेलाउने हुनुहुँदैन । वर्तमान सरकार गठन भएको चार महिना व्यतीत भएको छ । यो सरकारले पाँच दलको गठबन्धन निर्माण गर्दा जारी गरेको साझा न्यूनतम कार्यक्रममा नै उल्लेख भएको राष्ट्रियतालाई सुदृढ बनाउने, सीमा अतिक्रमण बन्द गर्ने, कालापानीबाट भारतीय सैनिक फिर्ता पठाउन राजनीतिक एवं कूटनीतिक तवरले भारतसँग वार्ता गर्न पहल गर्नुपर्नेछ ।

मोदीको अभिव्यक्ति सार्वजनिक भएपछि नेपालमा जनस्तरबाट यसको विरोध भइरहेको छ। नेकपा एकीकृत समाजवादीले यसको विरोध गरेर वार्ता आरम्भ गर्न सरकारको ध्यानाकर्षण गराएको छ । भर्खरै नेपाली कांग्रेसका द्वय महामन्त्रीको नामबाट वक्तव्य जारी भएको छ। तर, सो वक्तव्यमा अतिक्रमित नेपालको भूभागमा नेपालको भोगाधिकार रहनुपर्छ भनेर वक्तव्य आएको छ । नेपालको आफ्नो भूभागमा नेपालको भोगाधिकार भन्ने प्रश्न नै छैन । भारतले हडपेको भूमि नेपालले अतिक्रमण हटाइ आफ्नो भोग गर्ने हो । सुगौलीसन्धि पछि लिम्पियाधुरा, लिपुलेक, कालापानी नेपालको भुभाग हो । त्यसपछि बनेका नक्सा, २०१८ सालसम्म भएको जनगणना, जग्गा नापी, राजस्व संकलन आदि तथ्यबाट नेपालको भूभाग हो भन्ने स्पष्ट छ । तर, भारतले आफ्नो विस्तारवादी नीतिअनुरूप नेपाली भूमि अतिक्रमण गरिरहेको छ।

बाँकी ७ पेजमा ...

# तुसारा काण्डको स्मरण

२०४८ सालको कुरा हो। एक दिन ओखरकोट मा. बि .को प्राङ्गणमा बेन्चमा हामी साथीहरु बसिरहेका थियौं। तुसारा गब्दी तिरका मेरा क्लास मेटहरु राजु गिरी, भोजबहादुर रोका लगायत थिए। यसै बसेका बेला फ्याट्ट राजु गिरीले भन्नू भयो, 'देबेन्द्र मरेछ ।' म झल्यास्स भएँ । देबेन्द्र निकै टाठा युवा थिए । २३ वर्षको उमेरमा २०४३ सालमा तुसारा गाउँ पंचायतको प्रधानपन्च बनेका थिए । मैले देबेन्द्रलाई देखेको भेटेको जम्मा एक पटक हो। म कक्षा ८ पढ्दा ओखरकोटको लामासेरास्थित मानबहादुर जीसीको घरमा डेरामा बस्थे ।

उहाँ पूजा शमसेर बहादुर खत्रीको साख्खै ज्वाइँ पर्नु हुन्छ। भनेपछि मानबहादुर जीसीकी श्रीमती शमसेर बहादुरकी बहिनी हुनुहुन्छ र शमसेर बहादुर देबेन्द्रका साख्खै भिनाजु । त्यहाँ हामी घरबेटी र डेरावालको सम्बन्ध भन्दा पनि एक पारिवारिक वातावरणमा रहन्थ्यौं । एक साँझपख देबेन्द्र मानबहादुर सरको घर आएका थिए। मदिरा सेवन गरिरहेका र राजनीतिक गफ गरिरहेको हालतमा मैले देबेन्द्रलाई भेटेको थिए। नेपाली कांग्रेस, नेपाल विद्यार्थी संघ आदिबारे कुरा गर्दै थिएँ । त्यतिबेला पूजाका शोभाराम न्यौपाने कक्षा ९ मा पढ्नु हुन्थ्यो र मान बहादुर सरकै घरमा डेरा गर्नु हुन्थ्यो । शोभारामजी हामी मिल्ने साथी थियौं । उहाँ पनि देबेन्द्रकै गफमा गफ मिलाउँदै बस्नु भएको थियो ।

म त्यहाँ सुन्ने स्रोता मात्र थिए। शोभारामले भन्नू भएको थियो, यहाँ हामी विद्यार्थी जम्मा हुन्छौं। नेवि संघको बारेमा कलास गर्नु पर्‍यो । एक दिन त्यसको ब्यवस्था मिलाउनु पर्‍यो। 'त्यसमा देबेन्द्रले टाउको हल्लाउँदै स्वीकृति जनाएका थिए । त्यस पछि उनी कहिलै लामासेरा आएनन। देबेन्द्रले रुँदै रुँदै आफ्नो भिनाजु शमसेर बहादुरलाई सम्झिए।ँमसालहरुले मेरो भिनाजु मारिदिए।' यस्तै यस्तै कुरा गर्दै थिए । उनी पूजा काण्डको कुरा गर्दै थिए। करीब १०० जनाले पुजा काण्डमा मुद्दा बोक्नु परेको थियो। कैयौंले वर्षौंसम्म जेल बस्नु परेको थियो । बीस बर्ष पछि त्यो मुद्दा खारेज भएको थियो । रात पर्‍यो । उनी झिमरुक तरेर गए । मलाई लाग्छ त्यस साँझ झिमरुक तरेर गएका देबेन्द्र फेरि फेरि तुसाराबाट झिमरुक तरेर लामासेरा आएनन् ।

मलाई अचम्म लाग्यो । केही दिन पहिले लामासेरामा देखेको देबेन्द्र मरे रे । पातलो सर्लक्क मिलेको ज्यान अस्ति नेवि संघ र कांग्रेसको सृबृद्धिको कुरा गर्दै थिए, मरेछन । कुनै बेला नेकपा (मशाल) समूहका प्यूठान जिल्ला सेक्रेटरी र ओखरकोट माविका हेडमास्टर पछि पंचायत पसेपछि अञ्चलाधीस र कालान्तरमा मन्त्री भएका खड्क बहादुर जिसीका कान्छा भाइ देबेन्द्र थिए । भरतबहादुर जिसीका पनि उनी भाइ नै हुन। भरत त्यति बेला काठमाडौंमा प्रहरी डिएसपी थिए । २०४८ मा झापामा नेपाली कांग्रेसको आठौं महाधिवेशन हुँदै थियो । त्यो महाधिवेशनमा जानका लागि एक बिहान आमालाई तुसाराकै काभ्रे खोला पैसा लिन भनी पठाएका देबेन्द्रले आफू एक्लै भएको बेला आफैले खुकुरीले घाँटी रेटेछन् । त्यति बेलै एउटा आफ्नो बिषयमा सल्लाह लिन शम्सेर गिरी (गोठे गिरी) देबेन्द्रको घर पुगेका थिए ।

देबेन्द्रले खुकुरीले आफ्नो घाँटी आफैले रेटिरहेको हालतमा भेटेका थिए । उनले देबेन्द्रको हातको खुकुरी खोसेर फालिदिएका थिए । घाँटीबाट रगत बगिरहेको थियो । देबेन्द्र थरथर कापीरहेका थिए । तर उनी अब बाँच्ने अवस्था थिएन। आमा पैसा लिएर आउँदा देबेन्द्र छटपटिदै थिए। रगत बगेको थियो। करीब प्राण गैसकेको थियो । उनलाई बचाउन सक्ने अबस्था थिएन। किन मरे वा कसैले मार्‍यो, ठूलो हल्ला चलिरह्यो। देबेन्द्रको घटनाका सम्बन्धमा हामीले सुनेको कुरा यस्तै हो।

ओखरकोटका २०४९ का गाविस उपाध्यक्ष डेगमान खड्काले यो लेखक सित सुनाएका थिए,ँतुसारा-गब्दी मुनि झिमरुकमा देबेन्द्रको दाह संस्कार गरिएको थियो । मलामीहरु थुप्रै थिए । म पनि ओखरकोटतिरबाट मलाम जाँदै थिए। वारीबाटै नारा लगाएको सुने हत्यारा मसाललाई कार्वाही गर । मसाललाई हत्यारा भने पछि म बीचबाटै फर्किए । देबेन्द्रको मृत्यु भए पछि लगत्तै पुर्पक्षका लागि भनी तुसाराका शम्सेर गिरी (गोठे गिरी), तीन जना शिक्षकहरु ठाकुर गिरी, सिद्धिमान जिसी र तुलबहादुर भण्डारी र तत्कालीन मसाल नेता किरण जि.सी.लाई प्रहरीले खलङ्गा लग्यो ।

हामी विद्यार्थीहरु शिक्षकहरूको गिरफ्तारीका विरुद्धमा उत्रियौं । हामी नारा जुलुस गर्‍यौं । हाम्रा शिक्षक रिहा गर, फासिस्ट सरकार मूर्दावाद नारा लगाउँदै मच्छी ओखरकोट स्कूलबाट डाँडै डाँडा ओरालिएर दमदमे बजारमा आई बिरोध सभा गरिएको थियो । दाङबाङका प्रेम आचार्य अखिल (छैठौ) का प्यूठान जिल्ला अध्यक्ष हुनुहुन्थ्यो । उहाँ त्यहाँ आउनु भयो । प्रेम आचार्य निकै फुर्तिला विद्यार्थी नेता हुनुहुन्थ्यो । निकै जोशिलो भाषण गरेर सरकारको निरंकुश चरित्रको विरोध गरेर जानु भयो। एक जना एमालेको विद्यार्थीले पनि त्यहाँ बोल्नु भएको थियो। विद्यार्थीहरु खलङ्गा गएर पनि विरोध प्रदर्शन गरेका थिए। ओखरकोट स्कूलका छैठौका कैयौं विद्यार्थीहरु पुजाकाण्डको अभियोग लागेर फरार हुनुहुन्थ्यो ।

भक्तु गिरी, केशरजङ्ग एमसी, भरत ढकाल, मीरा पुरी लगायत तमाम साथीहरु त छैठौंमा त्यतिबेला हामी क्रियाशील थियौँ । तुलबहादुर भण्डारीले त्यति बेला जनज्योति प्रा बि, पूजा-९ लैसरामा पढाउनु हुन्थ्यो। ठाकुर गिरी सरले ओखरकोट हाइस्कूलमा पढाउनु हुन्थ्यो । मैले पनि कक्षा आठमा ठाकुर सरबाट ५० पूर्णाङ्कको इतिहास विषय पढेको थिए । सिद्धिमान जिसीले त्यतिबेला नारीकोटको अमृत जीवन निमाबिमा पढाउनु हुन्थ्यो। डिएसपि साहेबले बोलाउनु भएको छ भनेर उहाँहरुलाई खलङ्गा लगियो । मुद्दा लागेका मध्ये सबै भन्दा धैरै ४९ दिन गोठे गिरी हिरासत बस्नु परेको थियो । ठाकुर गिरी, सिद्धीमान जिसी, किरण जिसी करीब डेढ महिना हिरासत बस्नु परेको थियो । काठमाडौबाट प्रकाशित सुरुची भन्ने पत्रिकामा तुल बहादुर भण्डारीको मुख्य योजनामा देबेन्द्रको हत्या भएको लेखिएको थियो। तर बयान दिनेहरु सबैले तुलबहादुर त देबेन्द्रको मान्छे हो; २०४३ को गाउँ पंचायतको चुनाबमा देबेन्द्रकै पक्षबाट चुनाब प्रचारमा लागेको मान्छे थियो भने पछि तुलबहादुर भण्डारीलाई १३ दिनमा नै रिहा गरिएको थियो । बिजय भट्ट डिएसपि थिए । भट्टले निकै राजनीतिक पुर्बाग्रह राखेर उहाँहरुलाई हप्की दप्की र हातपात समेत गरेका थिए। तिमी मसानहरुलाई पुजा काण्डबाटै ठेगान लगाउनु पर्ने थियो। बचेका थियौ। अब फेला पर्‍यौं।



राम बहादुर बुढा

स्मरणीय छ उनले मसाललाई मसान भनेर गाली गर्थे। बडा आश्चर्यको कुरा के छ भने त्यस्ता घटनाहरुमा मसालका ब्यक्तिहरुलाई अनाबश्यक रुपमा तत्कालीन कांग्रेसी सरकारले दुख दिइरह्यो। देबेन्द्रले किन आफै घाँटी सेरेर मरे त भन्ने बिषय रहस्यमय थियो। आम बुझाई केछ भने देबेन्द्र कुनै राजनीतिक कारणले हत्या गरिएको नभएर उनी आफैले अनैतिक काम गरेको कारण आत्महत्या गर्न पुगे । उनले कुनै आफ्नै नातामा अनैतिक काम गरे र त्यो गर्भको दोष अखिल (छैठौं ) का नेता चिसाबाङ निवासी विष्णुमणि पोख्रेललाई लगाईयो। त्यस पछि मुद्दा चल्यो । पोख्रेलले मुद्दा जित्नु भयो । अदालत बाट मात्र हैन डि.एन.ए परिक्षणबाट पनि पोख्रेलले सफाई पाउनु भयो ।

तुसारा काण्डबाट धैरै कुराहरु सिक्न सकिन्छ। नचाहिदो प्रकारले नशामा लत बस्दै गए पछि मानिस झन झन अनैतिक बन्दै जान्छ । स्थानीय देख्ने जान्नेहरुको एउटा बुझाई नशाको परिणाम देबेन्द्र अनैतिक काम गर्न पुगे र अन्तिममा अपराध सहन नसकेर आफै खुकुरीले घाँटी सेरी मरे ।

राजनीतिक पूर्बाग्रहले समाजमा अशान्ति र द्वैष बढाउँछ। मसालमाथि पुर्वाग्रह साँध्ने जुन काम भयो त्यसबाट सत्ता पक्षलाई के मिल्यो त ?

अन्तर्वार्ता/फोन वार्ता : सिद्धिमान जि.सी., तुलबहादुर भण्डारी, विष्णुमणी पोख्रेल।

# हेलो सरकार !

## बिद्यार्थीको भविष्यमाथि कहिलेसम्म खेलवाड गर्ने ?

लौ, फेरि कोरोनाको महामारी फैलिदै गयो । दिनदिनै कोरोना सङ्क्रमणको दर बढ्दै गयो भन्दै कोरोना रोकथाम तथा न्युनिकरणको नाममा सरकारले पछिल्लो समयमा विद्यालय बन्द गर्ने जुन अपरिपक्व निर्णय गरेको छ, त्यसप्रति लाखौ विद्यार्थीहरू असन्तुष्टि भएका छन। अभिभावकहरूको चर्को विरोध छ । शिक्षकहरू पनि सहज रूपमा काम पाएका छैनन् । कोरोनाको तेस्रो लहर आयो । हाम्रो नगरपालिकामा पनि खतराको घण्टी बज्यो भन्दै आम नागरिकलाई भयभित पार्नु राम्रो काम हैन । बरू नयाँ भेरियन्ट सँग कसरी सामना गर्ने ? खोपको दायरा कसरी व्यापक गराउने ? खोप नलगाएका निश्चित उमेर समुहका बालबालिकाहरूलाई कसरी खोप कहाँ र कहिले लगाउने भन्ने कुरालाई तिव्र पारिनु पर्दछ ।

कोरोना सँग मिल्दो जुल्दो लक्षण देखिएमा पि.सि.आर, आर.डि.टि. चेकजाँच गरेर पोजेटिभ आएमा त्यस्ता व्यक्तिहरूलाई होम आइसोलेसन र थप उपचारमा ध्यान दिनुपर्छ । जाडोयाम भएकोले अधिकांश बालबालिका तथा बृद्धअवस्थाको उमेर समुहका नागरिकहरू चिसोबाट अलि बढी प्रभावित हुने भएकोले केन्द्र देखि स्थानीय सरकारका स्वास्थ्य केन्द्र, स्वास्थ चौकीहरू र अस्पतालमा ज्वरो, रूघा,खोकीका औषधी व्यवस्थापन गर्नु पर्ने अहिलेको आवश्यकता हो । विद्यालयमा त्यस्ता औषधीहरू निशुल्क वितरण गर्ने कार्य गर्नु पर्दछ ।

सबै क्षेत्र खुल्ला रहदा विद्यालयहरूलाई मात्र सरकारले ताकेता गर्नु राम्रो हैन । लोकसेवा तयारीका कक्षाहरू, शिक्षक सेवाका तयारी कक्षाहरू रोकेको खै त ? के त्यहाँ भिडभाड छैन । आम नागरिकको जीउ धनको सुरक्षा गर्ने हो भने सबै रोकिनु पर्दछ । हिजो आज विभिन्न पार्टीहरूको महाधिवेशन, मेला, जात्रा र पर्वहरूको उद्घाटनले के कोरोना सर्दैन ? विद्यालय शान्ति क्षेत्र हो। विद्यार्थीले शान्त वातावरणमा पढ्न पाउनु पर्छ। उनिहरूलाई मास्क, सेनिटाईजरको प्रयोग गरेर भएपनि विद्यालय आउन अभिप्रेरित गर्नुपर्छ । दुरदराजमा रहेका बालबालिकालाई



सरद बिष्ट

स्वर्गद्वारी नगरपालिका, प्यूठान

ईन्टरनेट र अनलाईनको शिक्षा प्रभाककारी छैन । झापामा कारोना देखियो भनेर प्युठानमा बन्द गर्नु, काठमाडौंमा कोरोना फैलियो भनेर सुदुर पश्चिमका विद्यालयहरू बन्द गर्नु जायज कुरा होइन ।

कोराना कहिले सम्म रहन्छ ? कोरोना नियन्त्रण कहिले सम्म हुन्छ ? यस्को बारेमा स्वास्थ्य क्षेत्रमा अध्ययन गरिरहेका वैज्ञानिकहरू समेत अन्योलमा छन। झण्डै दुई शैक्षिक सत्र ध्वस्त भएको नेपालको शिक्षा क्षेत्र फेरि तहस-नहस हुने अबस्थामा छ । प्युठानको डि.सि.सि.एम.सि.ले पनि कोभिड रोकथाम र नियन्त्रणको नाममा बर्षे बिदा कट्टी हुने गरि जिल्ला भरका सबै विद्यालयहरू यहि आउदो माघ १५ गतेसम्म बन्द गर्न निर्देशन दिएको छ। के १६ गतेबाट कोरोना नफैलने भएको छ त ? के १६ गतेबाट भौतिक रूपमा पठन पाठन हुने सम्भावना छ त ?

यसरी लामो समयसम्म विद्यालय बन्द गरिनु राम्रो कार्य हैन। विद्यार्थीमा यसले चिन्ता, कुन्ठा, नैराष्यताको भावना सृजना गर्दछ। अब त अधिकांश बालबालिकाहरुले खोप पनि लगाएका छन । शिक्षकलाई पनि खोप दिएको छ। यस बर्षका बार्षिक परिक्षाहरू पनि नजिक आउदै छन । बरू स्वास्थ्य मापदण्डका सबै नियमहरू पालना गरेर, जोखिमको अवस्था अध्ययन गरेर विद्यालय खोल्नु पर्दछ। स्थानीय सरकारले पनि यसमा ध्यान दिन जरूरी छ। अन्यथा लाखौ विद्यार्थीको सुनौलो भविष्य माथि खेलवाड नगरियोस ।

**भालुवाङ-प्यूठान...**

सुबेदीले बताए। सडकमा यस वर्ष आवाधिक मर्मत र पुनः दुइ लेनको निर्माणको लागि अध्ययन गर्ने काम भइरहेको सडक डिभिजन कार्यालय प्यूठानले जनाएको छ। सडक विभाग मार्फत दुइ लेनको लागि अध्ययन भइरहेको हो ।

दुइ जिल्ला प्रवेश गर्ने यो सडकमा दैनिक तीन हजार भन्दा बढी सवारी ओहोर दोहोर गर्छन्। उपभोग्य वस्तु ओसार पसार गर्ने सवारी साधन यही खण्ड भएर दुइ जिल्लाको लागि भित्रिन्छन् । 'सडकको अप्ठ्यारो खण्डको केहि भागमा घुम्टी कटीङ गरेर चौडाइ बढाउने तयारी भइरहेपनि साँघुरो ठाउमा ग्याविन वाल मात्रै लगाउने काम मात्र भइरहेको छ। कार्यालयका अनुसार दाङको भालुबाङ देखि रोल्पा लिबाङको दारबोटसम्म दुइ लेन बनाउन सर्भे थालिएको थियो । 'दाङ प्यूठान सिमाना गहना खोला देखि रोल्पाको सुलीचौरसम्म अद्यावधिक मर्मत सुधार भएको छ ।

२०६५ सालमा कालोपत्रे भएको सडक साँघुरा भई ट्राफिक जाम धान्न नसक्दा विस्तार र स्तरोन्नति गर्ने कार्यमा ढिलाई भएको छ। जिल्लाबाट चुनढुगा बोकेर हिड्ने दश चक्के ट्रिपरका काराण सडक चाडै जिर्ण बन्दै गएको छ। 'लुम्बीनी प्रदेशको राजधानी भालुबाङ पुग्नको लागि धैरै जिल्लालाइ यो सडक पायक पर्ने भएपनि सिंगल लेनले सवारी चाप धान्न सक्ने स्थिती छैन।

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## कविता



नेपालको सान भन्छन सगरमाथा हाम्रो,
हिमाल, पहाड, तराइ हजुर सबै कति राम्रो ।
देश, विदेश हिड्छौ हामी गन्तव्यको बाटो,
जीवन भन्दा प्यारो लाग्छ आफ्नै देशको माटो ।

हिमालको काखबाट बग्छन झरना अनि खोला,
हाम्रो देशमा सुख्ख, शान्ति कहिले आउने होला ?
चिसो-चिसो हावापानी हरियाली डाँडा, पाखा,
विदेशीले लगाइ हिड्छन हाम्रै देशलाइ आँखा ।

विकास तिर ध्यान छैन गर्छन खिचातानी,
कहिले आउँछ, काठमाडौंमा मेलम्चीको पानी ?
पशुपति मन्दिर हाम्रो चाबी भारत संग,
आफ्नै देश डुबाएर सरकार गर्छन भङ्ग ।

फेवा तालको वरिपरि फोहोरका थुप्रा,
दलाल बस्छन महलभित्र जनता बस्ने झुप्रा।
किन हुन्छ नेपाल माथी भारतको दवाव,
जस्को सरकार आएपनि दिन्नन यसको जवाफ।

कोहि मार्छ तुइन काट्दै कोहि गोलि हान्दै,
हाम्रा देशका नेताहरू हुन्छन डलर तान्दै ।
नेताहरू मख्ख हुन्छन भर्न पाउँदा गोजि,
मिचिएको सिमा हाम्रो कस्ले गर्ने खोजी ।

पालैपालो गरी-गरी भारत तिर ज्यान,
चिन्ता छैन देशको यहाँ डलर तिर ध्यान ।
दिनभरी जनता लडाइ मिटीङ्ग गर्छौ रातमा,
आफ्नै देस बेचि खान बोकि हिड्छै हातमा ।

**गिर बहादुर के.सी.(बिरही)**
*गौमुखी गाउँपालिका-६, लिवाङ, प्यूठान*

## गजल



खुशी होस या निरासा हाँस्दै कराउनु पर्छ ।
उसै मुस्कानको विषले बैरी हराउनु पर्छ ।
यहाँ बाचुन्जेल चोट कस्लाई लाग्दै न र ?
चोट लाग्छ कि सोची थोरै डराउनु पर्छ ।

उथलपुथल जिवनमा हुन्छै हुन्छ सबैको,
झुकि झुकाउनेलाई समथल गराउनु पर्छ ।
तिखा वचन वाणले घोच्दा लाग्छन घाउ,
सम्हालिएरै मलम बनी आफै भराउनु पर्छ ।

सजाइने सपनाका धेरै लहर हुन्छन निदाइ ,
खुल्ला आँखामा अट्ने नै मन पराउनु पर्छ ।

**निम बहादुर शाही (रातोमुला)**
ऐरावती-२ ददेरीपाट, प्यूठान
हाल साउदी अरेयिबा

## गजल



मैले लेख्ने गजल पनि तिम्रै लागि हो,
सजाएका महल पनि तिम्रै लागि हो ।
मन्दिरमा भगवान राख्न बनाएको ।
यो पवित्र स्थल पनि तिम्रै लागि हो ।

डाँडा काँडा हुस्सुले नै ढाकेको बेला ।
फेरि हट्यो बादल पनि तिम्रै लागि हो ।
भिरालो बाटो गाह्रो होला हिड्न भनी ।
मैले बनाए समथल पनि तिम्रै लागि हो ।

लगाइछौ मखमली चोली, छड्के तिलहरी ।
बुट्टे सारीको आँचल पनि तिम्रै लागि हो ।

**श्यामकुमार क्षेत्री मुस्कान**
**नौबहिनी गा पा ८ प्यूठान**
**हाल कार्यरत भारत**

# बा समस्याका हिरो हुन्



**नरेन्द्र ज्ञवाली**

बा शब्द नै आफैमा यस्तो शब्द हो, महसुस गर्दा पनि सबैथोक आफ्नै हो जस्तो लाग्ने । दुःख होस् वा सुख, सबै बाले नै गर्छन् । जब बा साथमा हुनुहुन्छ न कसैको डर, न त्रास । निर्धक्कले अगाडि बढ्न साहस र हौसला मिल्ने मान्छे नै बा हुन्। बालाई कहिल्यै दुःख, गुनासो कसैसामु पोख्न आएन ।

कहिल्यै आफ्नो इच्छा पूरा गर्न जानेनन् । आफ्नो लागि सधैं अनपढ बने, छोराछोरीको लागि सधैँ शिक्षित र जिम्मेवारी बाबु बन्न छाडेनन् । बाको अनुहारमा कहिल्यै खुसी देख्न सकिएन तर मेरो खुसीको लागि बा ज्यानको बाजी लगाएर अगाडि बढ्न छाड्नु भएन । सधैँ मैले सुन्ने गर्थें, समाजमा छोराछोरीलाई माया आमाले जति कसैले पनि गर्दैन । तर सत्य यति मात्र होइन रहेछ, देखाएर मात्र माया गर्छन् भन्ने कुरा गलत रहेछ । कहिले तँलाई माया गर्छु भनेर बाले भनेको सुनु भएको छ र ? बा जिम्मेवारीका भारी हुन्। सानो कुरामा कहिले गुनासो गर्न जान्दैनन्।

बाले आफ्नो जीवन नै मेरो लागि खेर फाल्दा त गुनासो गर्नु भएन भने मेरो लागि कति माया गर्नुहुन्छ होला ? जीवनमा जति फिल्म बनाइए, आमाका लागि बनाइए। जति गीत गाइए, त्यो पनि आमाकै लागि गाइए । जति कविता रचिए, आमाकै लागि रचिए । तर बाले कहिले गुनासो गरेनन् । बाले कमाएर घरमा चुलो बल्यो, मैले स्कुल पढ्न पाएँ, आमाले फेरी-फेरी फरिया लाउन पाइन् । घरमा पाउन आउँदा खुसी बनाएर पठाउन सकिन्थ्यो। बाले कमाएका थिए र सबैले हाम्रो परिवारको बारेमा गुणगान गाउछन् । बाले आफ्नो लागिभन्दा अरुको लागि कमाए तर पनि बाले कहिल्यै आफ्नो लागि गुनासो गरेनन् । शनिबार र सार्वजनिक बिदा केही नभनी काम गरे तर पनि कहिल्यै आफ्नो लागि नयाँ लुगा किनेनन् ।

कापी सक्यो, बा पैसा । टिफिन चाहियो, बा पैसा । घुम्न जान पर्‍यो, बा पैसा । बा सधैँ समस्यामा हिरो बनेर उभिए । मैले बा छट्पटाएको देखेको छु, रातभर नसुती अनिदो बसेको नि देखेको छु तर बा रोएको कहिल्यै देखेको छैन । किनकि बाले आँसु देखाउन कहिले सिकाउनु भएन ।

बाले आफ्नो लगाइ-खवाई कहिले हेरेनन् । सधैँ मेरो र आमाको पिर र चिन्ता थियो । अफिस गए पनि सधैँ आमाको र मेरो खबर ल्याइरहनु हुन्थ्यो। खाना नास्ताको बारेमा पनि जानकारी लिनुहुन्थ्यो । घरमा कहिलेकाहीँ अफिसको काम गरेर आउनु भयो भने आमालाई किचनको काममा सघाउनु हुन्थ्यो। मैले सोच्ने गर्थें, यिनी बुढालाई के-के काम गर्न आएको ! तर मेरा बा संघर्षबाट नै यो स्थानमा आएका रहेछन् ।

एकपटक दसैंमा बाले सबैलाई लुगा ल्याइदिनु भएको थियो । तर आफूलाई केही ल्याउनु भएको थिएन । मैले सोधेको थिएँ, 'बाबा, आफ्नो लागि चाहिँ किन केही नल्याउनु भएको ?' बाबाले हाँस्दै भन्नुभएको थियो, 'तँलाई त तेरो बाले ल्याइदिए, मेरो बा त मरे। मलाई कसले ल्याइदिने ?' यो सुन्दा मन निकै अमिलिएर आयो । यस्तो लाग्यो, मैले नयाँ लाउन पाउने त बा भएर मात्र रहेछ । बा नहुँदा त मैले नयाँ लाउन नपाउँदो रहेछु ।


बा अलि कडा बोल्थे र त हामी उपद्रो नगरी बस्थ्यौँ । बाले गाली गर्थे र त हामी बा घर आउनसाथ पढ्न बस्थेउँ। बा नै नभएकोहरुको घरमा देखेको छु दुःख के हो। हाम्रा त बा छन्, बाले गरिहाल्छन् । कति सजिलो गरी भनिदिन्छौँ ।

बालाई एकदिन मैले हाँस्दै सोधेँ, 'हजुरको खुसी के हो ?' भनेर ।

बा हाँस्दै भनुहुन्थ्यो, 'मेरो खुसी तँ र तेरो आमा हो। तिमीहरु खुसी भए म खुसी, तिमीहरु दुखी भए म पनि दुखी ।' 'किन यस्तो भनुहुन्छ बा ?' भन्दा बा मनिलो अनुहार बनाउँदै भन्नुहुन्छ, 'तिमीहरू मेरो जीवनका महत्त्वपूर्ण मान्छे हौ बाबु ।' बा घरको मात्र होइन, जीवनको पनि हिरो हुन्। बा परिवारको दियो र उर्जाको शक्तिका स्रोत पनि हुन् ।

## रोचक/प्रेरक प्रसङ्ग

# सिद्धार्थ बुद्धको प्रेरक कथा, जसले जीवन बदल्न सक्छ



सिद्धार्थ बुद्ध बौद्ध धर्मका प्रणेता हुन् । उनी हालको लम्बिनीमा जन्मिए, त्यो अहिले नेपालको भू-भागमा पर्छ । अर्थात गौतम बुद्ध यही धर्तीमा जन्मिए । बुद्धको बारेमा हामीले सुन्दै आएका छौ, उनले राजसी जीवन त्यागेर सन्यासी भए । बुद्धत्व प्राप्त गरे । बुद्धको अर्थ बोधिप्राप्त वा अन्तिम सत्यको साक्षतकार गरेको महामानव बुझिन्छ । बुद्ध हुनअघि उनी सिद्धार्थ गौतम थिए । यहाँ गौतम बुद्धको प्रसंगको कथा प्रस्तुत गरिएको छ । कथा प्रेरणादायी छ, जसबाट जीवनोपयोगी कुरा बुझ्न सकिन्छ ।

**कथा एक : बालकको ढुंगा र आँप**

गौतम बुद्ध कुनै बगैंचामा विश्राम गरिरहेका थिए । तब बच्चाको एक झुन्ड त्यहाँ आए । आँप फलेको थियो । उनीहरुले आँपको रुपमा ढुंगा प्रहार गरे । रुखबाट पाकेको आँप झर्‍यो । एवं रितले उनीहरु ढुंगा बर्साउदै आँप झार्न थाले । यसै क्रममा एउटा ढुंगा बुद्धको खुट्टामा बज्रन आइपुग्यो । ढुंगाको प्रहारले बुद्धको खुट्टामा घाउ भयो । रगत बग्न थाल्यो । बुद्धको यस्तो अवस्था देखेर त्यहाँ उपस्थित बच्चाहरु डराए, भयाभित भए । बच्चाहरुले माफी मागे, 'हामीबाट ठूलो गल्ती भयो । हाम्रै कारण तपाईको खुट्टामा ढुंगा लाग्यो र घाउ भयो । हाम्रो कारणले तपाई दुखी हुनुभयो ।' बुद्धले उदेग मान्दै जवाफ दिए, 'वास्तवमा म दुखी छु । कारण के भने, तिमीहरुले रुखमा ढुंगा हान्यौं, त्यसले तिमीहरुलाई मिठो आँप दियो । तर, मलाई ढुंगा लाग्यो, मैले केवल तिमीहरुलाई डर, त्रास दिएँ । फल दिन सकिन ।'

**कथा- दुई : डोरीको गाँठो र जीवनका समस्या**

एकदिन भगवान बुद्ध आफ्नो सभामा पुगे । त्यसबेला उनको हातमा डोरी थियो । बुद्धले आसन ग्रहण गरे र केहि नभनी डोरी गाँठो पार्न थाले । त्यहाँ उनका शिष्यहरु थिए । गौतम बुद्धले डोरीलाई गाँठो पारिरहेको देखेपछि उनीहरुमा जिज्ञासा उठ्यो, अब के गर्ने होला ?तब बुद्धले सबैलाई एक प्रश्न गरे, 'मैले यस डोरीको तीन गाँठो बनाए। अब म यो जान्न चाहन्छु कि, यो त्यही डोरी हो, जो गाँठो पार्नुअघि थियो ?' एक शिष्यले उत्तर दिए, 'गुरुजी यसको उत्तर दिनु थोरै कठिन छ । वास्तवमा यो हाम्रो हेराइमा निर्भर गर्छ । एक दृष्टिकोणबाट हेर्दा, डोरी त्यही हो, यसमा कुनै परिवर्तन छैन ।

अर्को कोणबाट हेर्दा, यसमा तीन गाँठो देखिन्छ, जो पहिला थिएन ।' 'साँचो हो' बुद्धले भने, 'अब म यस गाँठोलाई खोल्नेछु' यति भनेर बुद्धले डोरीको दुबै छेउमा समातेर जोडले तान्न लागे । उनले सोधे, 'तिमीहरुलाई के लाग्छ, यस प्रकार डोरीलाई दुईतर्फबाट तान्दा गाँठो फुत्किएला ?' 'होइन, होइन । त्यसो गर्नुभयो भने त त्यो गाँठो थप कसिलो बन्छ । र, यसलाई खोल्न मुश्किल पर्छ' एक शिष्यले जवाफ दिए । बुद्धले भने, 'ठिक छ, अब एक अन्तिम प्रश्न । भन, यस गाँठोलाई खोल्नका लागि हामीले के गर्नुपर्ला ?' एक शिष्यले उत्तर दिए, 'गुरुजी, यसका लागि हामीले हेर्नुपर्छ कि कसरी गाँठो परेको छ' 'म यहि सुन्न चाहन्थें । मूल प्रश्न यही हो कि, जुन समस्यामा तिमी फेसका छौ, वास्तवमा त्यसको कारण के हो ? कारण नै पत्तो नपाई त्यसको समाधान संभव छैन ।'

उनी भन्दै गए, 'मैले देखेको छु कि, धैरेजसो मान्छे कुनैपनि समस्याको कारण नै नबुझी त्यसको समाधान खोजिरहेका हुन्छन् । कतिले मलाई सोध्छन् कि, मलाई किन रिस उठ्छ ? मानिसहरु सोध्छन् कि, म आफ्नो रिसलाई कसरी काबुमा राखौं ? कोहि यस्तो पनि सोध्छन् कि, मभित्रको अहंकारको कसरी उब्जियो ?

प्रिय शिष्य, जसरी डोरीमा गाँठो पारेर त्यसको प्रकृति बदलिदैन । त्यही प्रकार मनुष्यमा पनि केहि विकार आउँछ, तर ऊ भित्रको तत्व उहि हुन्छ । आवश्यक्ता के छ भने, कुनैपनि समस्याको कारण राम्ररी जान्नुपर्छ । जब कारण फेला पर्छ, त्यसको निवारण सहज हुन्छ ।'

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# विजुवारमा बिस्तारित आयुर्वेदिक सेवा सञ्चालन

**झुलेनी पोष्ट**
**प्यूठान**

प्यूठान नगरपालिका ४ बिजुवारमा बिस्तारित आयुर्वेदिक सेवा सुरु भएको छ । आइतवार विजुवार सेवा केन्द्रमा सेवा केन्द्रको उद्घाटन गरीएको हो । बिस्तारित सेवाको प्यूठान नगरपालिका प्रमुख अर्जुन कुमार कक्षपतिले समुद्घाटन गरेका हुन् । कार्यक्रममा बोल्दै प्रमुख अतिथि कक्षपतिले धैरै लामो समयको प्रतिक्षापछि विजुवारमा आयुर्वेद सेवा सुरु भएको जानकारी गराउँदै गाउँ गाउँमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँच र बिस्तारमा जोड दिनुपर्ने बताए। सर्वसाधारमा आयुर्वेद सेवा पद्धतिको ज्ञानमा पहुँच नभएकाले स्थानीयवासी सेवाबाट बञ्चित भएको धारणा राखे । यहाँबाट निशुल्क बिरामी जाँच, चिकित्सकीय ओपिडि सेवा, माइनर वटि (ड्रेसीङ) सेवा, निशुल्क औषधी वितरण, अत्यावश्यक २३ थरीका औषधी वितरण तथा स्वास्थ्य परामर्श सेवा, अत्याधुनिक ल्याव सेवा र



प्यूठान न.पा. ४ विजुवारमा सञ्चालन हुन लागेको आयुर्वेदिक सेवाको समुद्घाटन कार्यक्रम

प्यूठान नगरपालिकाको सहयोगमा आगामी दिनमा पञ्चकर्म सेवा सञ्चालनको तयारी रहेको डा. रमेश कुमार के.सी.ले बताउनुभयो । विजुवारमा आयुर्वेदिक सेवा सुरु गरीएसँगै सरुमारानी गाउँपालिका बाहेक जिल्लाका सबै स्थानीय तहमा आयुर्वेदिक सेवा पुगे भएको हो । कार्यालयका अनुसार यसै हप्तामा गौमुखी गाउँपालिकामा पनि कार्यालय समुद्घाटनको तयारी रहेको छ कार्यक्रममा वडा नं. ४ का अध्यक्ष लक्ष्मी प्रकाश राजभण्डारी, नेत्रज्योती संघका अध्यक्ष केशव कर्माचार्य, ने.रे.सो.प्यूठानका सभापति गुमानराज पुलामी, डा. आनन्दकुमार श्रेष्ठ, आयुर्वेद स्वास्थ्य केन्द्र खलंगाका व्यवस्थापन समिति अध्यक्ष लेखनाथ पौडेल लगायतले बिस्तारीत सेवा सञ्चालनमा ल्याएकोमा शुभकामना मन्तब्य राखेका थिए ।

# छुट्टाछुट्टै घटनामा ३ को मृत्यु

**झुलेनी पोष्ट**
**प्यूठान**

जिल्लामा छुट्टाछुट्टै घटनामा परी ३ जनाको ज्यान गएको छ । आफ्नै घरको बार्दलिबाट खसेर एक युवकको शनिवार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ । प्यूठान नगरपालिका २ चितिखोला निवासी ३७ वर्षिय ऋषिराम बिष्टको ज्यान गएको हो । मृतक बिष्ट पौष ३० गते साझपख घरको कोठामा जाने क्रममा बार्दलिबाट आगनमा खसेका थिए । मृतकको शवलाई आइतवार पोष्मार्टम गरी आफन्तलाई बुझाइएको प्रहरीले जनाएको छ । यसैबिच स्वर्गद्वारी मन्दिर दर्शन गर्न आएका एक भारतीयको स्वर्गद्वारीमा मृत्यु भएको छ । बिहिबार मन्दिर दर्शन गर्ने क्रममा एक्कासी बेहोस भई लडेर भारत बहराई उत्तर प्रदेश माधवपूर रगुनातका अन्दाजी ६५ बर्षका राम बहादुर साहतको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बेहोस भएका उनलाई प्यूठान अस्पताल विजुवार उपचारका लागि ल्याइएपनि उपचारकै क्रममा मृत्यु भएको थियो । त्यसैगरी चट्याङ लागेर बुधवार प्यूठान नगरपालिका ५, जुम्रिकाँढा निवासी गोरे कामीको मृत्यु भएको छ । घरबाट नजिकैको बजारमा खाद्यान्न लिन भनि गएका कामीको बाटोमा हिड्दै गर्दा चट्याङ लागेको आफन्तले बताएको वडा अध्यक्ष लछुमन भण्डारीले जानकारी दिए ।

# भूमि आयोगमा राजमो नेता खड्का

**झुलेनी पोष्ट**
**प्यूठान**

भूमि आयोग प्युठानको अध्यक्षमा राष्ट्रीय जनमोर्चाका नेता ईमानसिंह खड्का नियुक्त भएका छन । नेपाल सरकार मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार खड्का भूमि आयोग प्युठानको अध्यक्ष नियुक्त भएका हुन् । स्वर्गद्वारी नगरपालिका वडा नम्बर ४ भिङ्गृकोट निवासी खड्का राष्ट्रीय जनमोर्चाका जिल्ला उपाध्यक्ष छन् । मन्त्रिपरिषद्को निर्णयअनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले शुक्रबारदेखि लागू हुनेगरी प्युठान सहित २८ जिल्लामा भूमि आयोगको जिल्ला समितिका अध्यक्षहरुलाई नियुक्ति पत्र दिएको बताइएको छ । यसअघि नेकपा एमाले नेतृत्वको सरकारले गठन गरेको भूमि सम्बन्धी समस्या समाधान आयोग गठनमा राजिनीति भएको भन्दै देउवा सरकारले एकसाथ देशभरका समितिहरु विघटन गरेको थियो । एमालेकै शैली पछ्याउदै दलगत आस्थाका आधारमा देउवा सरकारले पनि अध्यक्षहरु नियुक्त गरेको हो ।

# नेकपाद्वारा गाउँ गाउँमा संगठन बिस्तार

**झुलेनी पोष्ट**
**प्यूठान**

नेपाल कम्युनिस्ट पार्टी प्युठानले बैज्ञानिक समाजवाद र जनमत संग्रहको लागि संगठन शुद्दढ तथा विस्तार अभियान अन्तर्गत माण्डवी गाउपालिका वडा नं. ३, नयाँगाँउमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी स्याङ्जाका पुर्व जिल्ला इन्चार्ज बुलेटले देशमा बैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न दलाल संसदिय व्यवस्था कि जनताको बैज्ञानिक समाजवादी व्यवस्था भनी चुन्ने अधिकार जनतालाई दिनु पर्ने बताए।

व्यवस्था चुन्नको लागि सरल र उत्तम बाटो नै जनमत संग्रहको बाटो भएको उनले बताए। कार्यक्रममा नेकपा प्यूठानका सेक्रेटरी अजयले नेपालमा संसदीय व्यवस्था असफल भैसकेकोले अवको एकमात्र विकल्प र जनताको अधिकार सम्पन्न राज्य व्यवस्था भनेको नै बैज्ञानिक



समाजवादी व्यवस्था भएको बताए । त्यस्तै कार्यक्रममा मगर मुक्तिमोर्चा नेपाल केन्द्रीय सदस्य तथा प्युठान अध्यक्ष नर ब. थापा मगर, युवा संगठन नेपाल प्युठानका अध्यक्ष विपिन, अखिल क्रान्तिकारी प्युठानका अध्यक्ष गगन गिरी लगायतको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा रेशमको संयोजकत्वमा १३ सदस्यीय युवा संगठन नेपाल माण्डवी गाउपालिका ३ नं. वडा कमिटी गठन भएको छ । अभियानको क्रममा राष्ट्रघाती सम्झौता एमसिसी खारेज गरौं, दलाल संसदीय व्यवस्थाको विकल्प बैज्ञानिक समाजवादी स्थापना गरौं लगायतका नाराहरु व्यापक भित्ते लेखन गरीएको जिल्ला जनपरिषद प्युठानका प्रमुख पवनले जानकारी दिएका छन् । कार्यक्रमको सन्चालन युवा संगठन नेपाल प्युठानका उपाध्यक्ष बीरवल के.सी. र नेकपा माण्डवी गा.पा. वडा नं. ३ का इन्चार्ज जगतको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# दाह्रि ग्याङ्द्वारा आर्थिक सहयोग

**झुलेनी पोष्ट**
**प्यूठान**

आर्थिक अबस्था कमजोर भएका ब्यक्तिहरुलाई आर्थिक सहयोग गर्दै आएको दाह्री ग्याङ्ले प्यूठान नगरपालिका ५ पूर्णगाउकी रिमा सुनारको परिवारलाई आर्थिक सहयोग हस्तान्तरण गरेको छ । बिभिन्न सहयोगीहरुबाट सङकलन गरेको १० हजार रुपैयाँ सहयोग गरिएको दाह्री ग्याङ प्यूठानका संयोजक जीबन खनालले बताए । आर्थिक अबस्था निकै कमजोर भएकी सुनारको घरमा खाद्यान्न अभावमा भोकभोकै परिवार रहेको समाचार प्रकाशन प्रशारण पछि घरमै पुगेर ग्याङले सहयोग गरेको हो । आर्थिक स्थिती दयनीय भएकी सुनारको घरमुली श्रीमानको मृत्यु हुँदा परिवारको आम्दानीको स्रोत गुमेको थियो । दुई भाई छोरा मध्ये जेठो छोरा रोजगारिको सिलसिलामा भारत रहेको र कान्छो ११ बर्षका अपाङ्ग छोरा रहेका छन् ।

आफ्नो नाममा कुनै पनि सम्पत्ति नभएकी सुनार छिमेकीको जग्गामा नगरपालिकाले प्रदान गरेको जस्तापाताले छाएको झुपडिमा बस्दै आएकी छिन । दाह्रि ग्याङ्ग प्यूठानले लामो समयदेखि प्यूठान जिल्लाबाट रोजगारका लागि बिदेश रहेका सहयोगी मनहरुबाट संकलित रकम आर्थिक अवस्था कमजोर भएका ब्यक्तिलाई आर्थिक सहयोग र निशुल्क सेनेटरी प्याड बितरण गर्दै आएको छ ।

# उषा परियारको आर्थिक अभावका कारण उपचार हुन सकेन : सहयोगका लागि याचना

**बोम बहादुर परियार**
**झुलेनी पोष्ट**

जिल्लाको झिमरुक गाउपालिका ७ तुषारा निवासी ३० वर्षिय उषा परियारलाई एक्कासि स्वास्थ्यमा समस्या देखियो । गत पौष २७ गते उनका श्रीमान बसन्त परियारले उषालाई प्युठान अस्पतालमा उपचार गर्न लिएर आए । बसन्तले आफ्नी श्रीमतिलाई अस्पतालमा भर्ना गराएर गाउतिर पैसा खोज्न गए । उषा अस्पतालमा अलपत्र भइन् । प्युठान अस्पतालका स्वास्थकर्मिहरुको टिमले उषालाई उपचार थाल्यो । पैसा खोज्न गाउँ डिडेका श्रीमान सम्पर्कमा छैनन ।

यता अस्पतालमा उषाको अवस्था निकै दयनिय थियो । अस्पतालका डाक्टर युगल नेपाल र सन्जय श्रेष्ठका अनुसार उषाको दुबै किड्निमा समस्या देखिएको बताए । अस्पतालका स्वास्थ्यकर्मिहरुको पहलमा उषालाई औषधिको ब्यवस्था मिलाएर केही दिन उपचार गरियो । उषाको दुबै किड्नीमा समस्या देखिएपछी डाक्टरले उषालाई बाहिर लगेर छिटो उपचार पायो भने बिरामिलाई केही सहज हुने बताउनु भएको थियो । अस्पतालमा उषालाई स्याहार गर्ने कोहि थिएन ।

गाउको एकजना चिनेको दिदिले केहिदिन अस्पतालमै बसेर माघे सक्रान्ती पनि मान्न नगई उषाको स्याहार गरिन । उनलाई खाना बस्न र स्याहारको लागि अस्पताल नजिकै रहेको सुमन सुधा होटेलका सञ्चालक टंक बहादुर थापाले गरेका थिए ।

प्युठान अस्पतालमा उपचार सम्भब थिएन झण्डै हप्तादिन पछि गाउँ गएका श्रीमान आईतबार अस्पतालमामा आए । तर उनले उपचारका लागि पैसा लिन गएपनि ऋण पाउन सकेनन् । उनीसँग गोजिमा एक रुपैयाँ पनि थिएन । सहयोगी भावनाले होटेलका साउजी थापाले केही रकम आफै दिएर नेपाल रेडक्रसको एम्बुलेनसलाई केही सहुलियतमा लैजान भन्दै उषालाई आईतबार बुटवल पठाए ।

अहिले उषाको उपचार बुटवलमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालमा भैरहेको छ उषासङ्ग उनका श्रीमान छन तर लगेको २/४ हजार सकिएको र खाना बस्न पनि समस्या रहेको बताउछन । बुटवलमा अस्पतालका डाक्टरका अनुसार किड्निमा रहेको पानीलाई बाहिर फाल्न सके सन्चो हुन सक्ने बताउछन ।

जस्को लागि पैसाको खाचो रहेको छ । उषाको उपचारको लागि उनका आफन्त र छिमेकीले सहयोगको याचना गरीरहेका छन् । पिडित परिवारको आफ्नै फोन समेत नहुँदा प्युठानदेखि सहजीकरण गराएर पठाउने सहयोगी होटेल साउजी टंक बहादुर थापालाई ९८४७८२०१७४ मा सम्पर्क गरिदिन आग्रह गरेका छन् ।



उपचारका लागि प्यूठान अस्पताल भर्ना भएका बेला लिएको उषाको तस्बिर ।

# पशुपंक्षीमा एन्टिबायोटिकको दुरूपयोगले पार्दैछ जनस्वास्थ्यमा गम्भीर खतरा

*यसरी रेसिस्टेन्ट भएका ब्याक्टेरिया हावा, पानी, माटो, जनावरका मासु, दुध, मल आदी कुनै पनि माध्यमबाट मानिसमा प्रवेश गरि आफू र अन्य रोगका किटाणुलाई समेत रेसिस्टेन्ट उत्पन्न गराउँछन् ।*



**दिपेन्द्रराज आचार्य**

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको २०१७/१८ को प्रतिवेदन अनुसार नेपालमा उक्त वर्ष ७० हजार मेट्रिकटन कुखुरा र २८ हजार मेट्रिकटन भन्दा बढी सुंगुरको मासु उत्पादन भएको देखाउँछ। विगत दश वर्षमा नेपालमा कुखुरा २७७ र सुंगुरको मासु उत्पादन ७७ प्रतिशतले बृद्धि भएको छ। नेपालको निर्यात र आयातको अनुपात १:१६ सम्म पुगेको सन्दर्भमा नेपाल मासुमा आत्मनिर्भरतर्फ अघि बढ्नु एउटा सकारात्मक पक्ष भएपनि यससँगै पशुपंक्षीमा प्रयोग हुने एन्टिबायोटिकको अनियन्त्रित र अत्यधिक प्रयोगले जनस्वास्थ्यमा निकै ठूलो चुनौति र समस्या सिर्जना गरेको छ।

सन् २०२१ अगस्तमा काठमाडौं उपत्यकाका ३ जिल्लाका ३० वटा कुखुरा फर्ममा गरिएको एक अध्ययन अनुसार ९० प्रतिशत अर्थात २७ वटा कुखुरा फर्ममा एन्टिबायोटिक प्रयोग गरिएको पाइयो। उक्त फर्महरुमध्ये २१ वटा फर्मले उपचारका लागि तथा ७ वटा फर्मले रोग लाग्न नदिने प्रोफाइल्याक्सिस् प्रयोग गरेका थिए। यसमा मुख्य गरेर म्याक्रोलिड, पोलिम्याजिन्स र क्युनोलोनस् ग्रुपका औषधिहरु थिए। यसमध्ये टाइलोसिन ४७ प्रतिशत, कोलिस्टिन ४७ प्रतिशत, नियोमाईसिन र डोक्सिसाईक्लिनको समिश्रण ३३ प्रतिशत फर्मले प्रयोग गरेका थिए। यस्तै २७ प्रतिशत अर्थात ७ वटा फर्मले २ भन्दा बढी एन्टिबायोटिक प्रयोग गरेको पाइयो। टाइलोसिन बाहेक माथि उल्लेखित सबै औषधिहरु मानव संक्रमणका सघन उपचारमा प्रयोग गरिने औषधिहरु हुन्।

यस्ता औषधि पशुपंक्षीमा जथाभावी रुपमा प्रयोग गर्दा ब्याक्टेरियाले एन्टिबायोटिकको विरुद्धमा आफूलाई अनुकुल बनाउँदै लैजान्छ र औषधिले रोगका किटाणुलाई मार्न वा संक्रमण रोक्न सक्दैन जसलाई हामी एन्टिबायोटिकको रेसिस्टेन्ट भन्ने गर्छौं। यसरी रेसिस्टेन्ट भएका ब्याक्टेरिया हावा, पानी, माटो, जनावरका मासु, दुध, मल आदी कुनै पनि माध्यमबाट मानिसमा प्रवेश गरि आफू र अन्य रोगका किटाणुलाई समेत रेसिस्टेन्ट उत्पन्न गराउँछन्।

यस्तै, सन् २०१४ मा चितवनका १० बटा सुंगुर पसलबाट १३९ वटा फ्रेस नमुना लिई प्रयोगशालामा परीक्षण गरीएको थियो। यस परीक्षणमा विभिन्न औषधिमा रगतमासी, झाडापखाला लगाउने एक ब्याक्टेरिया क्याम्फाइलोब्याक्टरको सेन्सिटिभिटि अर्थात् औषधिको काम गर्ने क्षमता परीक्षण गरिएको थियो। जसअनुसार एमोक्सिसिलिन र इराइथ्रोमइसिनको ९२ प्रतिशत, टेट्रासाइक्लिनको ७७ प्रतिशत रेसिस्टेन्ट देखिएको थियो। अझ यो भन्दा पनि अर्को चिन्ताको विषय, विश्व स्वास्थ्य संगठनले अन्तिम विकल्प भनेर बिक्री वितरण गर्न रोक लगाएको कोलिस्टिन जुन अन्य एन्टिबायोटिकले काम नगर्दा अन्तिम विकल्पको रुपमा प्रयोग गरिन्छ यसको रेसिस्टेन्ट समेत ७२ प्रतिशत देखिएको छ। नेपाल सरकारले हाल पशुपंक्षीमा एन्टिबायोटिकको प्रयोग निषेध गरेपनि लुकीछिपी यसको बिक्री वितरण भईरहेको छ। सन् १९४० तिर नयाँ एन्टिबायोटिकको खोज र परीक्षण गर्ने क्रममा टेट्रासाइक्लिनलाई कुखुरा, सुगुर जस्ता खाद्य प्रयोजनका लागी पालिने पशुपंक्षीमा यसको परीक्षण गरियो।

टेट्रासाइक्लिनको प्रयोगबाट यस्ता पशुपंक्षीको तौल छिटो वृद्धि भएको पाइयो। यसपछि व्यवसायिक प्रयोजनका लागि पालिएका पशुपंक्षीमा तौल बृद्धि गर्न र रोगनै लाग्न नदिने उद्देश्यले एन्टिबायोटिक दिन थालियो। यसरी अत्यधिक र अनियन्त्रत प्रयोगले ब्याक्टेरियामा यिनिहरुको प्रभाव कम हुदै गई एन्टिबायोटिक रेसिस्टेन्ट हुन थाल्यो। विश्वभरमा एन्टिबायोटिक रेसिस्टेन्ट तिव्र हुनुको मुख्य कारण पशुपंक्षी व्यवसायमा प्रयोग अत्याधिक र अनावश्यक हुनु हो।

अंग प्रत्यारोपण, जोर्नी प्रतिस्थापन जस्ता जटिल शल्यक्रियामा होसु वा तथा मधुमेह, दम, बाथरोगमा हुने संक्रमण रोक्न एन्टिबायोटिक नभई हुँदैन। यस्तो अवस्थामा प्रयोग गरिने औषधिले किटाणुलाई मार्न सकेन भने संक्रमण झन् बढ्न गई मृत्यु समेत हुन सक्छ। विश्व स्वास्थ्य संगठनले एन्टिबायोटिक रेसिस्टेन्ट लाई विश्व स्वास्थ्य, खाद्य सुरक्षा र विकासको एक प्रमुख चुनौति भनेको छ।

युएन को २०१९ को एक रिपोर्ट अनुसार प्रत्येक वर्ष ७ लाख मानिसको मृत्यु औषधि प्रतिरोधी रोगका कारण हुने गर्छ। यदि कुनै प्रभावकारी कदम नचाल्ने हो र यही गतिमा रेसिस्टेन्ट बढ्दै जाने हो भने सन् २०५० सम्ममा प्रतिवर्ष १ करोड मानिसको मृत्यु हुने अनुमान गरेको छ। एक अध्ययन अनुसार उपर्युक्त पद्धती अपनाउने हो भने जनावरबाट हुने एन्टिबायोटिक रेसिस्टेन्टलाई ३९ प्रतिशतसम्म कम गर्न सकिन्छ। नयाँ एन्टिबायोटिकको विकास अत्यन्त कम मात्रामा हुनु र भएका एन्टिबायोटिक पनि रेसिस्टेन्ट हुँदै जानु गम्भीर चिन्ताको विषय हो।

**समाधान** : मानव संक्रमणको उपचारमा प्रयोग गरिने औषधिलाई पशुचिकित्सामा प्रयोग गर्न रोक लगाउनुपर्छ। प्रयोग गर्नैपरे पशुचिकित्सकको सिफारिसमा मात्र प्रयोग गर्नुपर्छ । नेपालमा पशुपंक्षीमा यसको प्रयोग नियमन र सुपरिवेक्षण गर्ने सम्बन्धि कुनै राष्ट्रिय निर्देशिका छैन। सरकारले यस सम्बन्धि निर्देशिका जारी गरेर एन्टिबायोटिकको प्रयोगलाई नियमन र सुपरिवेक्षण गर्नका लागि स्थानीय निकायलाई सक्षम बनाई परिचालन गर्न सकिन्छ।

युरोपियन मुलुकहरुले संक्रमण रोक्न एन्टिबायोटिक प्रयोग गर्ने भन्दा पनि रोगनै लाग्न नदिने रोकथामका उपायमा जोड दिइएको छ। वासस्थान नियमित सफा राख्ने, संक्रमित जीवजन्तु, मानिस आदिको प्रवेशमा रोक लगाउने, संक्रमण फैलाउन सक्ने किरा, मुसा, जनावर जुनसुकै बस्तुलाई पशुपंक्षीको संसर्गबाट टाढा राख्ने, स्वस्थ्य आहारको व्यवस्था गर्नेजस्ता जैविक सुरक्षाका उपायबाट पशुपंक्षीलाई रोगको संक्रमणबाट बचाउन सकिन्छ।

यसका साथै पशुपंक्षीलाई लाग्न सक्ने रोगबाट बचाउन सरकारले खोपको व्यवस्था समेत गर्नुपर्छ। जैविक विधिबाट कसरी उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ भन्ने देखाउन सरकारले कृषकहरुलाई यस्ता देशहरुको अध्ययन अवलोकन भ्रमण गराउने व्यवस्था गनुपर्छ।

अतः अनावश्यक ठाँउमा एन्टिबायोटिकको प्रयोग गरियो भने कुनै दिन यस्तो अवस्था आउन सक्छ कि जुन बेला एन्टिबायोटिक अत्यावश्यक हुन्छ।

त्यसबेला हामीलाई बचाउने कुनै एन्टिबायोटिक नरहन पनि सक्छ। यसको दुरुपयोग कुनै समय हामीलाई निकै महंगो पर्न सक्छ। त्यसैले भनिन्छ एन्टिबायोटिकको प्रयोग कसरी गर्ने भन्ने जान्नु भन्दा पनि यसको प्रयोग कसरी नगर्ने भन्ने जान्न आवश्यक छ ।

-(लेखक विरेन्द्र अस्पताल छाउनीका फर्मासिष्ट हुन्।)

## माघ महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- ❖ वर्षे आलु लगाई सक्ने बेला भयो ।
- ❖ पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।
- ❖ हिउँदे फलफूलको बिरुवा लगाउने । फलफूलको काँटछाँट गरी मल दिई सिंचाई गर्ने र फेदमा मल्चीङ गर्ने ।
- ❖ माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिविरमा पठाउने ।
- ❖ मकैबाली लगाउनको लागि जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।
- ❖ कन्ये च्याउन खेती सुरु गर्ने ।


## नगरवासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान



## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं

- ◆ तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।
- ◆ न्यानो कपडा लगाऔं । घाम वा आगो तापौं। तेल मालिस गरौं ।
- ◆ बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं ।
- ◆ ताजा र पौष्टिक खानेकुरा खाऔं ।
- ◆ जाडोबाट बच्ने नाममा धुम्रपान तथा मध्यपान नगरौं ।
- ◆ स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीहरुसँग परामर्श लिऔं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

बिदेशी शक्तिको....

नेपालविरुद्ध नाकाबन्दी पटकपटक लगाउने गरेको छ। नेपाली शासकहरूलाई प्रभावमा पारेर कैयौं असमान सन्धिसम्झौता गरेको छ। नेपालको आर्थिक विकास नहोस भनेर व्यापार, सुरक्षा र विकास निर्माणका कार्यमा अंकुश लगाउने वा भारतीय स्वार्थअनुरूप मात्रै नेपाललाई सहयोग गरेको देखाउने काम गरेको छ। विस्तारवादी भारतीय शासकहरूले यसरी नेपालप्रति गरिरहेको हेपाहा, मिचाहा, अतिक्रमणकारी गतिविधिको खुलेर विरोध गरेर दुई देश सार्वभौम देश हुन, पञ्चशीलका सिद्धान्तका आधारमा नेपालसँग व्यवहार गर भनेर नेपाली शासकहरूले अहिलेसम्म खुलेर बोलेका छैनन। भारतले अलिकति आर्थिक सहयोग गर्नेबित्तिकै नेपालका शासक, राजनीतिक पार्टीका कतिपय नेताहरू भारतको मुक्त कण्ठले प्रशंसा गर्न थाल्छन्। तर, उनीहरू भारतको विस्तारवादी नीति र गतिविधिको विरोध गर्दैनन्।

त्यहि भएर पनि भारतले नेपाललाई छिमेकी देश भए पनि राम्रो व्यवहार गर्ने गरेको छैन। तसर्थ, अब भारतसँग छलफल वार्ता गरिरहँदा सीमा अतिक्रमणलगायत उसले नेपालको हितविपरीत गरिरहेका सबै गतिविधि र नीतिलाई सुधार गर्नेगरी सरकारले एक/एक गरेर एजेन्डा अगाडि सार्नुपर्छ।

राजधानी दैनिकबाट साभार।

पढाइ खर्च ......

उनले बताए। प्याज, टमाटर, खुर्सानी, गोपीका बेर्ना उत्पादन गरेर बिक्रिका लागि बजार लैजान्छन् भने बाटो हिँड्नेहरुले घरमै आएर पनि लैजाने गरेका छन्। रिजालले तरकारीका बेर्ना बेचेर मासिक ८ हजारसम्म आम्दानी गर्दै आएका छन्। मौसमी रुपमा बेर्ना उत्पादन गर्दै आएका यिनलाई घर नजिकै वर्षको ६/७ हजार रुपैयाँ तिर्ने गरी यिनका बुवाले ३ आना जग्गा भाडामा लिएका छन्।

आफुले उब्जाएको बेर्ना नौबहिनी गाउँपालिकाका बिभिन्न क्षेत्रका कृषकहरुले लैजाने गरेका छन्। बिउपल खरिद गर्न र बेर्ना बिक्रिका लागि स्थानीय महेश थापाले सहयोग गर्दै आएको उनले बताए। 'आफुलाई पढाउँने शिक्षक र छरछिमेकीले पढ्ने उमेर हो पढ्न पर्छ भन्छन्', उनले भने, 'तर म यो काम र पढाईलाई संगसँगै बढाउने मौका मिलेको छ।' सानैदेखि पढाईमा राम्रो अंक लिएर उत्तिर्ण हुने रिजाल बुवा आमालाई खुसी पार्न आम्दानीको बाटो रोजेका हुन्। कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र एस.ई.ई. मा पनि 'ए' ग्रेड लिएर उत्तीर्ण गरेको उनका बुवा नारायण प्रसाद रिजाले बताए। अहिले उनले गंगा माध्यमिक विद्यालय बाहानेमा कक्षा ११ मा व्यवस्थापन संकायबाट अध्ययन गरीरहेका छन्। आफैंले गरेको कृषि कर्मबाट भएको आम्दानीले कापी, कलम, स्कुल ड्रेस किन्छन्। अहिले आफ्नै कमाइले टच स्क्रिन भएको एन्ड्रोइड मोबाईल समेत किनेका छन्। 'आफ्नो ब्यक्तिगत खर्चका लागि घरमा खर्च माग्नुपर्दैन', उनले भने। घरको आर्थिक अवस्था कमजोर भएको कारण आफ्नो पढाइ खर्च जुटाउन र परिवारको आयआर्जनमा सहयोग पुर्‍याउन आफूले यो पेसा गर्दै आएको बताउँछन्।

उनका बुवाले पनि दिउँसो गंगा माध्यमिक विद्यालयमा कार्यालय सहयोगिको रुपमा कार्यरत रहेका छन्। उनको आमाले पनि स्कूल नजिकै चिया नास्ताको पसल गर्दै आएकी छिन्। उनिहरु पनि बिहान साझ छोरासँगै कृषि कर्म गर्दै आएका छन्। बुवा-आमाले गरेको आम्दानीले घर खर्च चल्छ भने रोशनको आम्दानीबाट उनको पढाइ खर्च जुटिरहेको छ। वुवा आमाले नर्सरी खेतीबाटै २५ देखि ३० हजार मासिक आम्दानी गर्दै आएका छन्। रोशनको परिवारमा ६ जना छन्। जेठि दिदिको विवाह भैसकेको छ भने एक दिदि र बहिनी पनि सँगैको विद्यालयमा पढ्छन्। रोशनले लोक सेवा पढेर सरकारी जागीर खाने लक्ष राखेको बताउँछन्।

## नगरपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**स्वर्गद्वारी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान


तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो ......

# राज डेकोर होम





**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ**

तपाइको घर तथा अफिस अफिसको साथी ......

# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :कल्पना शर्मा पैडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पैडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान नपा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६९७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।







## कोभिडबाट सचेत र सतर्क रहौं

१) कोरोना संक्रमणको जोखिम कायमै छ ।

२) यसले कुनै पनि समय महामारीको रुप लिन सक्दछ।

३) त्यसैले तत्काल कोरोना विरुद्धको खोप लिऔं, जमघट तथा भिडभाडमा जाँदा अनिवार्य रुपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान